# पाठ – 12
## प्रतिनिधी मणडल र राजाहरूलाई चिठठी

# الدرس الثاني عشر - نيبالي
## الوفود و مكاتبة الملوك

नबी ﷺ को मामला प्रसिद्ध भयो, र हरेक ठाउँबाट प्रतिनिधिहरु मदीना आएर इस्लाममा प्रवेश गरि त्यसको एलान गर्न थाले।

त्यस्तै नबी ﷺ ले इस्लामको निमन्त्रण दिंदै राजा र प्रमुखहरुलाई चिठ्ठी लेखन थाले, तिनीहरु मध्ये कसैले स्विकारनु भयो त कसैले स्विकारनु भएन तर सुन्दर तरिकाले उत्तर दिनु भयो, र साथमा उपहारहरु पनि पठायो, र कसैले क्रोधित भएर नबी ﷺ को चिठ्ठीलाई च्यातनु भयो, जस्तोकि ईरानको राजा किसराले, त नबी ﷺ ले शराप दिनु भयो र भन्नु भयो «हे अल्लाह ! त्यसको राज्यलाई टुक्रा टुक्रा गरि देउ» र त्यस्तै भयो, थोडै समय पछि त्यसको छोरा त्यसको बिरोधि भएर त्यसको हत्या गरि आफै राज्य सत्ताको मालिक भयो।

एजिप्टको राजा मिकौकिस त मुस्लिम भएन, तर नबी ﷺको सन्देष्टालाई स्वागत गर्नु भयो, र साथ उपहार पनि पठायो, रोमन्को राजा कैसरले पनि त्यस्तै गर्नु भयो, उस्ले पनि सुन्दर जवाफ दिनु भयो, र नबी ﷺ को सन्देष्टालाई स्वागत गर्नु भयो, र उपहार प्रदान गर्नु भयो।

बहरैनको हाकिम मुन्जिर बिन् सावीले जब नबी ﷺ को चिठ्ठी पायो त समस्त बहरैनवासीहरु लाई चिठ्ठी पढेर सुनायो, र केहि व्यक्तिहरुले ईस्लाम स्विकारनु भयो त केहि स्वीकारनु भएन।

## नबी ﷺ को देहावसान

हजबाट वापसीको लग भग ढाइ महिना पछि रसुल ﷺ बेरामी हुनु भयो, दिन प्रति दिन रोग बढदै गयो, तर जब उहाँले नमाज पढाउन सकिने शक्ति पाएन भने हजरत अबुबकर सिद्दिक رضي الله عنه लाई नमाज पढाउने आदेश दिनु भयो।

साल ११ हि. स. १२ रबिउल अव्वल सोमवारको दिन् रसुल ﷺ को देहान्त भयो, र त्यो बेला उहाँको उमेर ६३ बर्षको थियो,

सहाबाहरु अर्थात उहाँको साथीहरुलाई जब यसको जानकारि भयो त उनीहरुले त आफनो होशै गुमाउनु भयो, कसैले विशवास गर्नु भएन, यहाँ सम्म कि हजरत अबुबकर رضي الله عنه ले उभिएर सबैलाई शान्त गरि सम्बोधित गर्नु भयो र भन्नु भयो कि रसूल ﷺ एउटा मानव थिए, र समसत मानव जस्तै उहाँको पनि मृत्यु भएको छ, त्यस पछि मानिसहरु शान्त हुनु भयो, र रसूल ﷺ लाई नुहाउने, कफन् लगाउने, र दफन् गर्ने (गाडने) जस्तो सबै कार्यहरु उहाँकि पत्नी हजरत आइशाको कोठामा सम्पन्न भयो।

रसूल ﷺ मक्कामा नबी हुने भन्दा पहिला ४० बर्ष जीवन बिताउनु भयो र नबी भए पछि १३ बर्ष, र मदीनामा १० बर्ष।

रसूल ﷺ को देहान्त पछि सबैको सहमतिले हजरत अबुबकर सिद्दिक رضي الله عنه मुस्लिमहरुको खलिफा नियुक्त हुनु भयो, र यस प्रकार उहाँ प्रथम खलिफा हुनु भयो।